# “शिक्षा, स्वास्थ्य, कृषि र पूर्वाधारको विकास, पर्यापर्यटन र भाषा संस्कृतीको संरक्षण सहित बेरोजगारीको निकास”

यस सभाका सभा अध्यक्ष ज्यू, प्रमुख अतिथी ज्यू, विषेश अतिथी ज्यूहरु गाउँसभा सदस्य ज्यूहरु,
हिमा गाउँपालिकाको सातौ गाउँसभाको निमन्त्रणालाई स्वीकार गरी सभाको बैठकमा उपस्थीत हुनु हुने सभाका सम्पूर्ण मान्य अतिथी लगायत सदस्यज्यूहरुलाई हिमा गाउँपालिका, जुम्ला र मेरो व्यक्तिगत तर्फबाट हार्दिक स्वागत गर्न चाहन्छु ।

गणतन्त्र र अग्रगामी परिवर्तनका माध्यमबाट मुलुकमा राजनैतिक, सामाजिक, आर्थिक एबम् साँस्कृतिक विकास सहितको समृद्ध र समुन्नत विकास गर्न एवं आफ्नो शासन आफै वा आफ्नो प्रतिनिधि मार्फत गराई गणतन्त्रलाई संस्थागत गर्नका लागी आफ्नो जीवन उत्सर्ग गर्नुहुने ज्ञात अज्ञात शहीदहरु प्रति म भावपूर्ण श्रद्धान्ञजली अर्पण गर्न चाहन्छु ।

संघीयता कार्यान्वयनको चरणमा रहेको आगामी आ.व. २०७७/०७८ को नीति तथा कार्यक्रम र बजेट प्रस्तुत गर्न पाउँदा अत्यन्त गौरवान्वित भएको महशुस गरेको छु ।

**“समृद्ध नेपाल, सुखी नेपाली”** को उद्देश्य पुरा गर्नका लागि संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्धारा दिगो शान्ती, सुशासन, विकास र समृद्धिको आकांक्षा पुरा गर्ने उद्देश्य सहित नेपालको संविधान, २०७२ जारी भई स्थानीय तहको गठन भई संचालन भएको र संघीयता कार्यान्वयनको चरणमा रहेको अवगत गराउन चाहन्छु । जनताका आवश्यकता पुरा गर्न गाउँपालिकाका विकास योजनाहरु पहिचान एवं छनौट गर्दा नेपालको संविधान, राष्ट्रिय योजना आयोग, प्रदेश योजना आयोग, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, कर्णाली प्रदेश सरकार विषयगत मन्त्रालयहरुबाट प्राप्त मार्ग निर्देशन, विभिन्न नीति निर्देशिकाहरु, क्षेत्रगत नीतिहरु, रणनीति एवं कार्ययोजनाको अधिनमा रही नेपालको संविधानमा व्यवस्था भएको साझा तथा स्थानीय तहको एकल अधिकारको सूचि अनूरुप स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ र स्थानीय सरकार संचालन ऐन २०७४ मा उल्लेखित प्रक्रिया अवलम्बन गरी यस गाउँपालिका भित्र उपलब्ध श्रोत, साधन र क्षमता अनुसार बस्ती स्तरबाट छनौट तथा प्राथमिकिकरणमा परेका योजना तथा कार्यक्रमहरु यस गरिमामय सभामा प्रस्तुत गर्न पाउँदा आफूलाई गौरवान्वीत ठानेकी छु ।

कर्णाली प्रदेशको दुर्गम जुम्ला जिल्लाका आठ वटा स्थानीय तहमध्ये हिमा गाउँपालिका विभिन्न जातिय विविधता, खस भाषाको उद्गम स्थल लगायत विभिन्न भाषिक, साँस्कृतिक एवं प्राकृतिक र पर्यटकीय संभाव्यता सहित विकासको प्रचुर सम्भावना बोकेको स्थल हो । गाउँपालिकाको यस क्षेत्रमा भएका राजनैतिक दल एवं जिल्लाबाट व्यवस्थापिका सांसदमा र प्रदेश सभामा प्रतिनिधित्व गर्ने सांसद एवं मन्त्रीज्यूहरु लगायत समस्त वासिन्दाको विकास कार्यमा हुने ऐक्यवद्धताले हामीलाई कार्य संचालनमा महत्वपूर्ण हौसल्ला मिलेको व्यहोरा अवगत गराउन चाहन्छु ।

नेपालको संविधान २०७२, जारी भए पश्चात नेपाल संघीय गणतन्त्रात्मक राज्यको रुपमा परिचित भईरहेको बर्तमान अवस्थामा दश जिल्लाहरु समेटिएको यस प्रदेशको नामाकरण भई “कर्णाली” प्रदेश कायम भएको र प्रादेशीक राज्यको राजधानी सुर्खेत कायम भईसकेको अवस्थामा सो अनुरुप जुम्ला जिल्लाका विभिन्न आठ स्थानिय तहहरुमध्ये यस हिमा गाउँपालिकाले पनि आफ्नो बिकास प्रक्रियालाई तिब्रता दिई आवश्यक भौतिक पूर्वाधारको विकास र विकासका सवै आयामहरुलाई समेटी जनतालाई रोजगारीको माध्यामबाट जीवनस्तर सुधार गर्ने र गरीवी निवारण गर्न आवश्यक पहल गर्नु पर्ने अवस्था टडकारो रुपमा देखिएको छ । गाउँपालिकामा प्राप्त हुने सबै प्रकारका अनुदान, आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम लगायत स्थानीय तहको कोषमा प्राप्त हुने सबै प्रकारका श्रोत तथा साधनलाई एकीकृत गरी गरिब, महिला, बालवालिका तथा सामाजिक, आर्थिक दृष्टिकोणबाट पछाडी परेको वर्ग र समुदाय एवं क्षेत्रको समेत पहुँच, स्वामित्व र अपनत्व रहने गरी सन्तुलित तवरबाट स्थानीय सेवा प्रवाह र जनसहभागिता परिचालनबाट समावेशी तथा समानुपातिक विकास निर्माण कार्य अगाडी वढाउन हामी प्रतिबद्ध छौ । विकास प्रक्रिया जनमुखी, पारदर्शी, समतामूलक सहभागितामूलक, दिगो भरपर्दो र गुणस्तरीय बनाउन पर्याप्त सम्भावना र अवसर हुँदा हुँदै पनि आन्तरिक श्रोतको न्यून परिचालन हुनु, खेती योग्य जमीनमा कृषिको आधुनिकीकरण एवं व्यवसायीकरण हुन नसक्नु, बाझो

जग्गाको सदुपयोग गर्न नसक्नु, गैर सरकारी संघ संस्थाका कार्यक्रमलाई आवधिक योजनासंग तालमेल मिलाउदै कार्यान्वयन गर्न नसक्नु, समुदाय र वडाबाट माग गरिने योजना अत्याधिक हुनु उपभोक्ता समितिलाई यथार्थपरक ढंगले परिचालन गर्न नसक्नु, जलविद्युत एवं उर्जाको क्षमता कमजोर हुनुका साथै राष्ट्रिय विद्युत प्रसारण लाईन पालिका सम्म नजोडनु, गुणस्थरीय शिक्षा तथा संचारको कमी, स्थानीय उत्पादनलाई अधिकतम उपयोग गर्न नसक्नु, तुलनात्मक लाभका वस्तुहरु पहिचान गरी उत्पादनलाई तिब्रता दिन नसक्नु र कर्मचारीहरुमा समेत व्यवसायिकताको विकास हुन नसक्नु जस्ता समस्या एवं चुनौतिहरुले कतिपय विकासका प्रक्रियाहरु प्रभावकारी रुपमा सम्पादन हुन नसकेको यथार्थ हाम्रा सामु स्पष्ट रुपमा रहेको छ ।

**उपस्थित महानुभावहरु**

अब म गाउँपालिकाको समग्र स्थितिको बारेमा जानकारी गराउन चाहन्छु ।

(क) सिमित स्रोत साधान र असिमित योजना मागका कारणले जनताका सबै आवश्यकता पुरा गर्न नसकिएको वर्तमान परिबेशमा सकभर जनताका नितान्त जायज आवश्यकता पुरा गर्न तर्फ हामी अग्रसर छौ ।

(ख) हिमा गाउँपालिका मानब बिकास सुचाङ्कमा कमजोर रहेको अवस्थामा बिकासलाई गति दिन हाम्रा सामु चुनौति रहेको कुरा अवगत गराउन चाहन्छु ।

(ग) चालु आ.व. मा छनौटभई संचालित योजनाहरु कार्यान्वयनको क्रममा रहेका र उक्त योजनाहरु पूर्ण हुँदा गाउँपालिकाको सडक संजालको विकास, खानेपानी, सिचाई, जलविद्युत लगायत भौतिक पूर्वाधार र आर्थिक सामाजिक क्षेत्रमा उल्लेख्य प्रगती हुने अनुमान गरिएको छ ।

(घ) हिमा गाउँपालिकाको समृद्धिको लागि विभिन्न निकाय, संघसंस्था र व्यक्तिहरु संग छलफल सहकार्य चलाईएको छ ।

## वजेटका उद्देश्यहरु

प्राप्त सिमित श्रोत साधनहरुलाई जनताको आवश्यकता अनुसार अधिकतम परिचालन गर्ने र गाउँपालिकाको समग्र विकासलाई परिणाममुखी देखिने गरी आगामी आ.व. २०७७/०७८ को वजेटका उद्देश्यहरु निम्नानुसार हुनेछन् ।

(क) जनतालाई केन्द्र विन्दुमा राखि कार्यकमको कार्यान्वयन पश्चात रोजगारीको सृजनाका साथै जनताको जीवनस्तरमा सुधार ल्याउने,

(ख) विकासका सवै आयामहरुलाई समेट्ने गरी सन्तुलित बजेट विनियोजनका माध्यमबाट योजना छनौट र वजेट कार्यान्वयन गर्ने,

(ग) वजेटको प्रभावकारीरुपमा कार्यान्वयन गरी बजेट दुरुपयोगलाई निरुत्साहित गर्ने ।

**उपस्थित महानुभावहरु,**

अब म चालु आ.व. २०७७/०७८ को जेष्ठ मसान्त सम्म हिमा गाउँपालिका, जुम्लाको वित्तिय तथा भौतिक प्रगति संक्षेपमा उल्लेख गर्न चाहन्छु ।

## वित्तिय प्रगति तर्फः

चालु आ.व. २०७६/०७७ मा गाउँपालिकाको चालु तर्फ ७ करोड ६७ लाख पुजीगत तर्फ रु ९ करोड ३० लाख शर्शत अनुदान तर्फ ११ करोड ५९ लाख राजश्व वाडफाँड तर्फ ५ करोड ३६ हजार बजेट विनियोजन भएकोमा २०७७ जेष्ठ मसान्तसम्म चालु तर्फ रु ४ करोड ५७ लाख बत्तिस हजार, पुँजिगत तर्फ रु ५ करोड ९४ लाख ९ हजार र शशर्त तर्फ ६ करोड ६८ लाख गरी जम्मा रु. १७ करोड १९ लाख ४१ हजार खर्च भएको छ ।

## उपस्थित महानुभावहरु,

अब म चालु आ.व. २०७७/०७८ का लागि प्रमुख केही नीतिहरु प्रस्तुत गर्न चाहन्छु ।

## प्रमुख नीतिहरुः

१. **“शिक्षा, स्वास्थ्य, कृषि र पूर्वाधारको विकास, पर्यापर्यटन र भाषासंस्कृतिको संरक्षण सहित बेरोजगारीको निकास”** भन्ने मुल ध्ययेका साथ आ.व.०७७/०७८ को नीति, वजेट तथा कार्यक्रम परिचालित हुने छ ।

२. विश्वभरी महामारीको रुपमा फैलिएको कोरोना भाईरस (Covid-19) को प्रभावलाई मध्यनजर गर्दै रोजगारीको अवसर गुमाई देश तथा विदेशबाट गाउँपालिकामा फर्कीएका युवा/युवतीहरुलाई सरल जिवन निर्वाह गर्नका लागि सो युवा/युवतीहरुको सूचीकृत गरी **“हाम्रो युवा हाम्रो सम्पती कार्यक्रम”** मार्फत बेरोजगार युवाहरुलाई रोजगारीको सृजना गर्न श्रम, सिप र व्यवसायको माध्यम संगै भौतिक पूर्वाधारको विकास निर्माणमा सहभागीता द्धारा आत्म निर्भर बनाउने नीति लिएको छु । साथै अन्तर जिल्ला जोडने सडक सञ्जाललाई महत्वका साथ प्राथमिकता दिई कुडु बन्चरी काध कालीकोट ग्रामीण सडक निर्माण कार्यलाई अगाडी बढाईने छ ।

३. बडढो बेरोजगारहरुलाई रोजगारीको सृजना गर्न कृषि तथा पशुपालनको माध्यामद्धारा समाजमा सवैको आर्थीक रुपमा पहुचपुऱ्याउन सम्पूर्ण वस्ती समूदायलाई मध्यनजर गर्दै हामी आत्म निर्भर हुनका लागि **“आफ्नो टोल आफै बनाउ, आफ्नो टोल आत्मनिर्भर बनाउ”** कार्यक्रमको लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

४. प्रत्येक जनताको स्वास्थ्य अवस्थालाई मध्यनजर गर्दै यो विसम अवस्थामा स्वास्थ्यमा सहज र सरल रुपमा सवैको पहुँच पुऱ्याउने उद्देश्यका साथ वाँकी वडाहरुमा सामुदायीक स्वास्थ्य संस्थाको सेवा सुलभका साथै प्रत्येक वस्तीहरुमा खोपकेन्द्र विस्तार गर्ने नीति लिईने छ ।

५. कोरोना भाईरसका कारण विश्वनै तरंगीत र संकटमा परिरहेको यो संकटको घडीमा हाम्रो समुदायको स्वास्थ्यलाई ख्यालमा राख्दै संघीय सरकार/प्रदेश सरकार र सहयोगी निकायहरुको समन्वयमा हिमा गा.पा. कालीकाखेतुको PHC मा दश बेटको आइस्यूलेसन वाड बनाउने नीति लिएको छु ।

६. हाम्रो समाजमा बढ्दो बरोजगारी लाई न्यूनीकरण गर्नको लागि र हामी आत्म निर्भर हुन उत्पादनमा जोडिन र बाँजो जग्गा प्रयोग गरी कृषि उत्पादन गर्न **“हाम्रो जमीन नजान्दीउ खेर, उत्पादनमा सवै लागौ समय नफालौ खेर”** भन्ने मुल ध्ययकासाथ यूवा परिचालन गरी सवैलाई उत्पादनमा जोडने नीति लिएको छु ।

७. समुदायमा सबैको सम्मानजनक सहभागीता र प्रतिनिधित्व गर्दै आर्थिक, सामाजिक तथा राजनैतिक हिसावले पिछडीएको दलीत समुदायलाई आत्मनिर्भर गर्न सिपमुलक, रोजगार मुलक, व्यवसायीक तालिम तथा व्यावसायमा उत्प्रेणा प्रदान गरी व्यवसायीमुखी बनाउन **“दलित समुदायसंग अध्यक्ष कार्यक्रम”** शुभारम्भ गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु ।

८. यो विपत अवस्थालाई हाम्रो जिबनमा सरलता ल्याउनका लागि खाद्यया संकटलाई मध्यनजर गर्दै **“हाम्रो अर्गानीक अन्नबाली, खाद्यय संकट पर्न दिनुहुन्न यसपाली”** भन्ने उद्देश्यका साथ यस गा.पा.मा खाद्यय बैंकको स्थापना गर्ने नीति लिएको छु ।

९. विपन्न तथा न्यून आय स्रोत भएका घरपरिवारको संख्या निर्धारण तथा पहिचान गरी विपन्न र न्यून आय स्रोत भएका घरपरिवारको जिवन सुरक्षाका लागि यो वर्षबाट कार्यान्वयन र निरन्तरताहुने गरी ५३५ **जिवन सुरक्षा कार्याक्रम** अन्तरगत जनाको जिवन बीमा कार्यक्रम अगाडी बढाएको छु ।

१०. **“हिमा नदिको पानी, हाम्रो लगानी”** भन्ने मुल उद्देश्य बोग्दै हिमाको पानी खेर जान नदिन हिमा मीनी हाईड्रोपावरलाई निरन्तरता दिदै यो वर्ष **उज्यालो हिमा गा.पा. घोषणा** गरी बाँकी कामलाई पूर्णता दिन आवश्यक बजेटको व्यवस्था गरेको छु

११. **‘स्वास्थ्य र मनोरन्जनका लागी खेल’** भन्ने अवधारणा अनुरुप हिमा गा.पा.मा खेल क्षेत्रको विकास र प्रर्बधन गरी सवै नागरिक लाई खेल तीर आर्कषर्ण गर्न हिमा गा.पा. खेलकुद नीति लिई गाउँ खेलकुद विकास गठन सहित आवश्यक खेल प्रशिक्षकको व्यवस्था गरीनेछ ।

१२. हाम्रो समाजमा लोप हुँदै गएको भाषा सस्कृतिलाई संरक्षण गर्न हिमा गा.पा. ७ चिउडीमा सस्कृत पाठशाला निर्माण गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु ।

१३. पर्यटन प्रबर्धन तथा पुर्वाधार विकासका लागि आन्तरिक तथा बाह्य पर्यटन भित्रयाउन **“प्रकृतिको सुन्दरता बचाई राखौ पर्यटन विकास गर्न, शिरानमा कलकल बग्छ मनमोहक रुपीछडा झरना”** भन्ने उदेश्यका साथ रुपिछडा झरना र गडुनुहाउनीको पर्यटन प्रबर्द्धन तथा पुर्वाधार विकास गर्न आवश्यक बजेटको व्यवस्था गरीएको छ ।

१४. देशमा आमुल परिवर्तनका गर्नका लागि भएको दशवर्षे जनयुद्ध, २१ दिने जनआन्दोलन लगायतका विभिन्न आन्दोलनमा भएका घाईते तथा अपाङ्गहरुलाई समाजमा सम्मानजनक र सरल रुपमा जिवन निर्वाह गर्नका लागि विषेश राहतको व्यवस्था गरेको छु ।

१५. विद्यालय बाट बन्चीत भएका असाय, टुहुरा बालवालिकाहरुलाई विद्यालयमा पहुँच पुऱ्याउनको लागी २०७७ साल फागुन महिनामा विद्यालय भर्ना तथा घर दैलो अभियान संचालन गर्ने नीति लाई निरन्तरता दिईनेछ ।

१६. हिमा गाउँपालिकामा रहेको बढ्दो वेरोजगारीलाई मध्यनजर गर्दै प्राविधिक तथा व्यवसायीक शिक्षालाई महत्वका साथ आत्मसाथ गर्दै प्राविधिक धार विद्यालय संचालन गर्नका लागी आवश्यक वजेट विनियोजित गरेको छु ।

१७. दन्द्ध प्रभावित, शिक्षाको पहुँज भन्दा टाढा रहेका बालबालिका, अभिभावक गुमाएका गुणस्तर शिक्षा प्राप्त गर्ने मनशाय हुँदा हुँदै वञ्चित बालबालिकाहरुलाई शिक्षामा सहज पहुज पुऱ्याउनको लागी स्थापीत हिमा गाउँपालिका स्तरीय आवाशिय विद्यालयको विकास, विस्तारको लागी संघीय सरकार, कर्णाली प्रदेस सरकार संग आवश्यक सहयोगको पहल संगै यसै गा.पा. को आ.व. २०७७/०७८ मा आवाशिय विद्यालयको व्यवस्थापनको लागी आवश्यक बजेट विनियोजन गरी निरन्तरता दिएको छु ।

१८. गाउँ वस्ती टोल टोलमा अध्यक्ष कार्यक्रम अन्तरगत हिमा गाउँपालिकाको प्रत्येक वस्ती वस्तीमा रहेका जनताको आवश्यकता, समस्याको उचित पहिचान गर्नका लागी जनतालाई प्रत्यक्ष सेवा प्रवाह गर्ने उद्देश्यका साथ **“जनता संग अध्यक्ष, गाउँ वस्ती वस्तीमा अध्यक्ष”** कार्यक्रम लाई निरन्तरता दिईएको छु ।

१९. गाउँपालिकामा जन्महुने हरेक बालवालिका हरुलाई पौष्टिक आहारको मात्रा पुरा गर्नको लागी **छोरी बुहारी कार्यक्रम** लाई निरन्तरता दिई हरेक आमाहरुलाई निशुल्क एम्बुलेन्स सेवा संचालन गर्ने नीतिलाई उच्च प्राथमिकता दिएको छु ।

२०. एकल महिला तथा अपाङ्ग व्यक्तिहरुलाई आत्म निर्भर बनाउने उदेश्यका साथ सिप मुलक तालिमको व्यवस्था गरी जिविकोपार्जनमा सहजिकरण ल्याउनको लागी आवश्यक बजेटको व्यवस्था गरेको छु ।

२१. सत्तरी वर्ष उमेर पुरागरेका जेष्ठ नागरीकहरुलाई हिमाली जिल्ला जुम्लाको हिउँदे सिजनमा स्वास्थ्यमा पर्न जाने असर लाई ख्याल गर्दौ **“हाम्रो जेष्ठ नागरीक हाम्रो ईतिहास र गौरव”** कार्यक्रम अर्न्तरगत न्यानो कपडा वितरण र चाडपर्व खर्चको लागी आवश्यक बजेट विनियोजन गरेको छु । साथै जेष्ठ नागरीकहरुलाई वार्षिक एक हजार साहारा भत्ता दिईने नीतिलाई निरन्तरता दिएको छु ।

२२. जनताका आवश्यकता पुरा गर्न तथा विकास प्रक्रियालाई निरन्तरता दिन आन्तरिक श्रोत आवश्यक भएकोले करको दायरामा समावेश हुन नसकेका पक्षहरुलाई करको दायरामा ल्याउने र गत आ.व. २०७६/०७७ को श्रावण १ गते देखि लागु भएको **“एकिकृत सम्पत्ती कर”** प्रणालीलाई निरन्तरता दिईने छ । साथै “एकिकृत सम्पत्ति कर” प्रणालीलाई वडास्तरमा समेत विस्तार गरिन नीतिलाई निरन्तरता दिईने छ ।

२३. आ.व. २०७४/०७५ को बजेट विनियोजनमा ४ वडा कार्यालयहरु निर्माणको लागि बोलपत्र भई बहुवर्षिय ठेक्का संम्झौता सम्पन्न भएको र निर्माणको चरणमा रहेको साथै समयमै कार्यसम्पन्न हुन नसकेको व्यहोरा अवगत गराउदै प्रतिनिधिहरुको राय/सुझाव अनुरुप आगामी आ.व.२०७७/०७८ मा वडा कार्यालयका भवन यथासिघ्र निर्माण गरी सेवा संचालनमा ल्याउन आवश्यक पहल गरिने र सो को लागि बजेट विनियोजन गरिएको छ ।

२४. वजार क्षेत्रको विकास सहित व्यवस्थित शहर तथा एकिकृत वस्ती विकास गर्न व्यवस्थित गुरु योजना, भू-उपयोग योजना र सडक गुरु योजना लगायतका नीतिको माध्यमबाट विकास निर्माणलाई अघिबढाउने नीति लिईने छ ।

२५. '**अर्गानीक वालि संरक्षण अभियान कार्यक्रम**' अन्तरगत कृषि उत्पादनहरुमा विषादीको प्रयोगलाई निषेधित गरिने नीति लाई निरन्तरता दिईने छ ।

२६. खानेपानी संकटलाई समाधान गर्न हिमामा वृहत खानेपानी योजना संचालन गरी, खानेपानीको अझै समस्या झेलीरहेका वडा वस्तीहरुमा खानेपानीको सहजताकालागी आवश्यक बजेट संघीय सरकार संग समन्वय गरी यो आ.व. बाटै योजना कार्यान्वयनमा ल्याईनेछ ।

२७. संचार क्षेत्रको सुदृढीकरण गर्न यस क्षेत्र भरी संचार क्षेत्रलाई अझ बढी प्रभावकारी बनाउन चालु आ.व. मा मोवाईल सेवा संचालनको लागि निमार्णाधीन अवस्थामा रहेको नेपाल टेलीकमको टावरलाई संचालनमा ल्याउन पहल गरिने छ ।

२८. पुरातात्विक महत्वका बस्ती, संरचना, मठ मन्दिर, गुम्बा, स्तम्भ, ताम्रपत्र, शिलालेख जस्ता ऐतिहासिक धरोहरको पहिचान संरक्षण गर्ने एवं खस भाषा पुन-रुत्थानमा जोड दिईने छ ।

२९. औपचारिक शिक्षा बाट बञ्चित महिला तथा बालबालिकाहरुलाई साक्षर बनाउने उदेश्यका साथ महिला शिक्षा कार्यक्रम अन्तरगत **महिला अधिकार केन्द्र नेपाल** संगको साझेदारीमा साक्षरता कार्यक्रम संचालन गरिने छ ।

३०. सूचना प्रविधिको प्रयोग, पहुँच र विस्तार गर्न सवै सरकारी निकाय र आधारभुत तथा माध्यमिक विद्यालयहरुमा सूचना संजाल संयन्त्र निर्माण र सूचना प्रविधिको पूर्वाधार विकासमा जोड दिईने छ ।

३१. पर्यटन प्रर्वद्धन  तथा पूर्वाधार विकासमा निजी क्षेत्र उद्योग बाणिज्यसंघ क्षेत्रीय होटल व्यवसायी संघ, Travel Agent Association Nepal (TAN) सरकारी तथा गैर सरकारी निकायलाई प्रभावकारी परिचालनको नीति ल्याईने छ ।

३२. शुसाशन तथा सूचनाको हकलाई प्रभावकारी बनाउन संचारका साधनहरुको अधिकतम प्रयोग गरी ३/३ महिनामा अनिवार्य प्रकाशन गर्नुपर्ने विवरणहरु सार्वजनिक तथा सेवा प्रवाहलाई प्रभावकारी बनाउन पत्रकार सम्मेलन, सार्वजनिक सुनुवाई, घुम्तीसेवा लगायतका कार्यहरु कार्यन्वयन गर्ने नीति लाई निरन्तरता दिईनेछ ।

३३. बालविवाह एक समस्याका रुपमा रहेकोले बालविवाहका घटनाहरुलाई निरुत्साहित गर्नका लागि बाल क्लव, अन्य सामुदायीक सन्जालहरु र प्रहरी प्रशासन समेतको सहयोगमा यस्ता सामाजिक विकृती रोक्ने जस्ता कार्यक्रमहरुलाई प्राथमीकता दिईनेछ । साथै स्थानीय स्तरमा गठन भएका लैंगीक हिंसा न्यूनकिरण निगरानी समूहको सक्रियता र क्षमतामा वृद्धि गरिने छ ।

३४. सामाजिक सुरक्षा कार्यक्रम तर्फ बाल अनुदान, एकल महिला, अपाङ्ग, जेष्ठ नागरिक, लोपोन्मुख जातिहरुको भत्ता वितरणकार्यलाई बैंकिङ प्रणाली मार्फत कार्यान्वयन ल्याउन आवश्यक प्रक्रिया अगाडी बढाईसकिएको सन्दर्भमा सो को कार्यान्वयन गरिने छ ।

३५.स्वच्छ खानेपानीको सुनिश्चितताको लागि **"मुहान देखि घर सम्म" सरसफाई अभियान कार्यक्रम**, सरकारी तथा गैर सरकारी संस्थाहरुको पहलमा सम्पादन गरिने छ ।

३६. संचालित योजना तथा कार्यक्रमहरुको संयुक्त अनुगमन टोली (Joint Monitoring Team) मार्फत अनुगमन गर्ने परिपाटीलाई थप प्रभावकारी गरिनेछ । साथै सम्पन्न सवै आयोजना/कार्यक्रम र निकायबाट प्रवाह हुने सेवा सम्बन्धमा सार्वजनिक सुनुवाई गर्ने गराउने परिपाटीलाई संस्थागत गरिने छ ।

३७. विकासमा सक्रिय साझेदारी एवं सहभागी हुने जिल्ला स्थित गैर सरकारी संस्था, अन्तराष्ट्रिय गैर सरकारी संस्था, दातृ निकायबाट हुने विकास निर्माणका कार्यहरुलाई एकद्धार प्रणाली (One Door System) अर्न्तगत गाउँपालिकाको स्वीकृती लिएर मात्र संचालन गर्ने गराउने व्यवस्था मिलाई सकिएको र सो प्रक्रियालाई निरन्तरता दिइनेछ ।

३८. सम्पूर्ण महिला बालबालिकाको अवस्थालाई मध्य नजर गरी समस्यालाई समाधान गर्ने वस्ती टोल उपाध्यक्ष कार्यक्रम ल्याईएको छ ।

३९. जनतामा न्यायको पहुच पुऱ्याउनको लागि वस्ती टोल न्यायीक समिति मनो परामर्श कार्यक्रम ल्याईएको छ ।

४०. परमपरागत पानी घट्टलाई प्रयोग र पीसानीमा सहज रुपमा जनताको पहुँच पुग्ने भएकोले सम्पूर्ण वडा स्तरका पानी घट्ट संरक्षण गर्ने कार्यक्रम ल्याईनेछ ।

४१. सम्पूर्ण बालबालिकाहरुको लागी बाल संरक्षण नीति तथा कार्यक्रम ल्याईएको छ ।

**उपस्थित महानुभावहरु,**

अब म यस हिमा गा.पा. को आगामी आ.व. २०७७/०७८ को प्रस्तावित बजेट प्रस्तुत गर्न अनुमती चाहन्छु ।

माथि उल्लेखित विभिन्न नीति तथा कार्यक्रम संचालन एवं कार्यान्वयन गर्न ।

**गाउँपालिका तर्फ :** वित्तीय समानकिरण अन्तरगत संघीय समानिकरण तर्फ रु ८ करोड ५५ लाख र प्रदेश समानिकरण तर्फ रु १ करोड ५ लाख २० हजार रहेको छ । सशर्त अनुदान तर्फ रु १२ करोड रु ३२ लाख र संघीय राजश्व वाडँफाँडबाट प्राप्त हुने रु ५ करोड ५२ लाख २ सय ८७ र संघीय बिषेश अनुदान पुँजिगत रु. ३ करोड ८० लाख र प्रदेश राजश्व बाँडफाँडबाट प्राप्त हुने रु २ लाख ९९ हजार, प्रदेश विशेष अनुदान ४० लाख प्रदेश सम्पूरक अनुदान १ करोड ३० लाख एवं स्थानीय राजश्व संकलनबाट प्राप्त हुने अनुमानित रकम रु १८ लाख र गैर सरकारि संघ संस्था बाट रु ३ करोड समेत रु ३६ करोड १६ लाख ५ हजार (अक्षरुपी छत्तीस करोड सोह्र लाख पाँच हजार मात्र) खर्चको लागि प्रताव गरेको छु । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका केही हस्तान्तरण भई आउने कार्यक्रमहरु र प्रदेश सरकार एवं अन्य विषयगत मन्त्रालयहरुबाट हस्तान्तरण भई आउने कार्यक्रमहरु तथा विभिन्न गै.स.स. र दातृ निकायहरुबाट प्राप्त हने कार्यक्रमहरु वस्ती स्तरबाट प्राथमिकिकरण भई आएका र सभाले निर्णय गरेका कार्यक्रमहरुमा लगानी गरी कार्यान्वयनमा ल्याइने छ ।

अन्त्यमा, यस क्षेत्रको विकास निर्माण लगायत हरेक गतिविधिहरुमा सक्रिय सहभागी भई सहयोग गर्नुहुने पदाधिकारी, सबै राजनीतिक दलहरु, विकास प्रेमी, समाजसेवी, सरकारी तथा गैर सरकारी निकायकका प्रमुखहरु, प्रस्तुत नीति तथा कार्यक्रम तयारीका क्रममा राय सुझाव दिने विज्ञ समूह, निजी क्षेत्र, नागरिक समाज, संचारकर्मी तथा कर्मचारी मीत्रहरु आम हिमा बासी प्रति हार्दिक धन्यवाद आभार र कृतज्ञता व्यक्त गर्दछु ।

यसै गरी यस क्षेत्रको समष्टिगत विकासका लागि सहयोग गर्नु हुने संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, प्रदेश सरकार, राष्ट्रिय योजना आयोग, नेपाल सरकारका विषयगत मन्त्रालयहरु, राजनैतिक दलहरु, दातृ निकायहरु, राष्ट्रिय/अन्तर्राष्ट्रिय गैर सरकारी संघ संस्थाहरु, निजी क्षेत्र, समाजसेवी, बुद्धिजिवी, पत्रकार र सम्पूर्ण नागरिकहरुप्रति धन्यवाद दिदै विकासका हरेक अभियानमा निरन्तर सहयोगको अपेक्षा समेत गर्दै प्रस्तुत नीति तथा कार्यक्रमहरुको सफल कार्यान्वयनको लागि सबै पक्षको सहयोग प्राप्त हुने अपेक्षा राखेको छु ।

**धन्यवाद ।**

**शनिबार, १३ आषाढ २०७७**
**हिमाली रोकाया**
**उपाध्यक्ष**
**हिमा गाउँपालिका, जुम्ला**